# गौमुखी गाउँपालिका अध्यक्ष श्री बिष्णु कुमार गिरी ज्युले गाउँसभाको एक्काइसौं अधिवेशन समक्ष प्रस्तुत गर्नु भएको आर्थिक बर्ष २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम

गौमुखी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पूजा, लिवासे

२०८३ आषाढ ०७ गते

**गाउँसभाका सदस्यहरु ज्यू,**

- गौमुखी गाउँपालिकाको दोस्रो कार्यकालको निर्वाचन पश्चात जनताको अमूल्य मत र विश्वासबाट निर्वाचित जनप्रतिनिधिका रूपमा हामीले चार वर्षको कार्यकाल सफलतापूर्वक सम्पन्न गरिसकेका छौं र पाँचौ वर्षमा प्रवेश गरेका छौं। यस अवधिमा हाम्रो कार्ययोजनाको कार्यान्वयनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग, समर्थन, मार्गदर्शन र सहभागिता प्रदान गर्नुहुने सभाका सम्पुर्ण सदस्यहरू, राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, स्थानीयवासी तथा सरोकारवाला सबैप्रति म गाउँपालिकाको तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु। आजको यो गरिमामय गाउँसभा समक्ष आर्थिक वर्ष २०८३/०८४ का लागि तयार गरिएको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त हुनु मेरो लागि अत्यन्त गौरवको विषय हो। प्रस्तुत नीति तथा कार्यक्रमले गाउँपालिकाको समावेशी, दिगो र उत्तरदायी विकासको दिशामा सशक्त आधार निर्माण गर्ने विश्वास लिएको छु।
- म संघीय लोकतान्त्रिक गणतन्त्रसम्मको सबै राजनैतिक आन्दोलनहरुमा राष्ट्र, जनता र समुदायको हितका निमित्त आफ्नो अमूल्य जीवन आहुति दिनु भएका सम्पूर्ण ज्ञात/अज्ञात सहिदहरूप्रति यस गाउँपालिकाको तर्फबाट उच्च सम्मानका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। त्यस क्रममा आन्दोलनमा घाइते भई अपांगता बोकेर जीवन यापन गरिरहनु भएका वीर योद्धाहरू तथा हालसम्म वेपत्ता अवस्थामा रहनु भएका नागरिकहरूप्रति गहिरो सम्मान प्रकट गर्दै उहाँहरूको त्याग, बलिदान र योगदानलाई उच्च मूल्याङ्कन गर्न चाहन्छु।
- विकेन्द्रीकरणको उत्कृष्ट उदाहरणका रूपमा स्थापित तीन तहको संघीय शासन प्रणाली अन्तर्गत संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरूले आ—आफ्नो अधिकारक्षेत्र भित्र रही आगामी आर्थिक वर्षको बजेट निर्माणको प्रक्रियामा सक्रियता जनाइरहेका छन्। लामो संघर्ष र ठूलो बलिदानीपछि प्राप्त यो संघीय लोकतान्त्रिक व्यवस्था जनअपेक्षाअनुसार सेवा प्रवाह, विकास र सुशासनको प्रत्याभूति दिनुपर्नेमा व्यापक जनस्तरमा असन्तुष्टि, निराशा र आक्रोश पैदा भई परिणामतः सुशासन, जवाफदेहिता, रोजगारी र अवसरहरूको सिर्जनाको माग सहित जेन्जी आन्दोलन भयो र सो आन्दोलनको प्रभाव स्वरूप देशमा नयाँ निर्वाचन भई नयाँ संसद् र नयाँ सरकारको गठन त भयो, तर पनि नागरिकका आधारभूत समस्याहरू समाधान हुन सकेका छैनन्। वर्तमान अवस्थामा जनस्तरमा पुनः गम्भीर असन्तुष्टिहरू सतहमा आउन थालेका छन् । सडक दुबै स्तरमा संविधानविरोधी स्वरहरू समेत उठ्न थालेका छन्, जुन गम्भीर चिन्ताको विषय हो। यस सन्दर्भमा, सबै तहका सरकारहरूले आ—

आफ्नो जिम्मेवारीप्रति प्रतिबद्ध भई जनअपेक्षा अनुसार परिणाममुखी कार्यक्रमहरूको कार्यान्वयनमा केन्द्रित हुनु वर्तमान समयको परम आवश्यकता हो। 'व्यवस्था फेरियो तर जनताको अवस्था फेरिएन' भन्ने धारणा तीव्र रूपमा फैलिँदै गएको वर्तमान परिस्थितिमा जनजीवनमा प्रत्यक्ष परिवर्तन ल्याउनेतर्फ सरकारहरूको ध्यान केन्द्रित हुनु अत्यन्तै आवश्यक छ। साथै, परम्परागत सामाजिक संरचनाहरू क्रमशः परिवर्तन हुँदै गएका छन्, र डिजिटल प्रविधिमा आधारित नयाँ सामाजिक व्यवस्थाको अवधारणा विस्तार हुँदै गएको छ। यस्तो परिवर्तित सन्दर्भमा उत्पन्न सामाजिक अवसर र चुनौतीहरूलाई समयानुकूल व्यवस्थापन गर्दै समावेशी, न्यायपूर्ण र नविन्तम् सामाजिक मूल्य र मान्यताको स्थापना गर्नु आवश्यक भइसकेको छ। संक्षेपमा, वर्तमान संघीय संरचनाले जनताको विश्वास कायम राख्न र लोकतन्त्रलाई संस्थागत गर्नका लागि परिणाममुखी सेवा प्रवाह, समावेशी नीति, र प्रभावकारी सुशासनमा केन्द्रित रहनु अपरिहार्य भएको छ।

- गौमुखी गाउँपालिकाको भौगोलिक बनावट, सामाजिक संरचना, आर्थिक अवस्था तथा सांस्कृतिक विविधतालाई यथोचित रूपमा आत्मसात गर्दै, यस स्थानीय सरकार समावेशी, सन्तुलित तथा समन्यायिक विकासको सिद्धान्तलाई मूल आधार मानी अगाडि बढ्ने दृढ संकल्पका साथ क्रियाशील रहेको छ। विकासका अवसरहरू समान रूपमा वितरण गरी सबै वर्ग, समुदाय तथा भू—भागको समुचित सहभागिता र लाभ सुनिश्चित गर्नेतर्फ स्थानीय सरकार निरन्तर प्रतिबद्ध रहेको स्पष्ट गरिन्छ।
- "हामिहरु जनताका मालिक होइन, सेवक हौं" भन्ने लोकतान्त्रिक भावनामा आधारित जनउत्तरदायी शासन प्रणाली, भ्रष्टाचाररहित प्रशासनिक संरचना, पारदर्शिता, उत्तरदायित्व, परिश्रमशीलता र सेवा—मुखी कार्यशैलीमार्फत मात्रै समृद्ध र सशक्त स्थानीय शासन निर्माण गर्न सकिन्छ भन्ने अवधारणालाई यस गाउँपालिकाले आफ्नो कार्यदिशा र मार्गदर्शक सिद्धान्तको रूपमा अवलम्बन गरेको छ।
- नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा गौमुखी गाउँपालिकाको आवधिक योजना एवं मध्यमकालिन खर्च संरचना समेतलाई आधार मानि सिमित श्रोतबाट जनताको असिमित र बढ्दो आकांक्षाहरु पुरा गर्न हामी आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछौ । सीमित स्रोतबाट जनताको असीमित आकांक्षा परिपुर्ति गर्नु स्थानीय सरकारको लागि अवसर र चुनौति दुवै हो।

**सभाका सदस्यहरु**

- अब म दोश्रो कार्यकालको उत्तरार्धमा रहदै गर्दा गौमुखी गाउँपालिकाको समग्र विकास र समृद्धिको लागि निरन्तर रुपमा पहल गरि राख्दा स्रोत साधन, सिप र दक्ष जनशक्तिको अभावका कारण अपेक्षा गरिए जस्तो कार्य गर्न नसकिए पनि निम्नअनुसारको कार्य सम्पन्न भएको छ।
- आर्थिक वर्ष २०७४/०७५ मा मैले पहिलो कार्यकालको जिम्मेवारी सम्हाल्दै गर्दा आफ्नै जग्गा र प्रशासनिक भवन नभएर भाडा एवं अस्थायी संरचनाबाट सेवा प्रवाह गरिरहेको गौमुखी गाउँपालिकाले निरन्तरको प्रयास स्वरूप आर्थिक वर्ष २०८२/०८३ सम्म आइपुग्दा आफ्नै स्वामित्वको जग्गा प्राप्त गरी एक सुविधायुक्त प्रशासनिक भवन निर्माण गर्न सफल भएका छौं। त्यसै गरि स्थानीय तह स्थापनाको सुरुवाती समय (आ.व. २०७४/०७५) मा गौमुखी गाउँपालिकामा पर्याप्त भौतिक पूर्वाधार बनिसकेका थिएनन्। त्यस समयमा **पूजा वडा कार्यालय** मात्र आफ्नै एक तल्ले पक्की संरचनाबाट संचालन भैरहेको थियो भने कुनै वडामा आफ्नै स्वामित्वको जग्गा पनि थिएन र वडाहरूमा स्थायी वा व्यवस्थित कार्यालय भवनहरूको अभाव रहेको थियो र हाल आर्थिक वर्ष २०८२/०८३ सम्म सबै वडाहरुको वडा कार्यालयको भवन निर्माण सम्पन्न भइ आफ्नै वडा कार्यालयको भवनबाट सेवा प्रवाह गरिएको छ।
- गौमुखी गाउँपालिकामा आर्थिक वर्ष २०७४/०७५ मा रजवारा स्वास्थ्य चौकी भवन, खुङ स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न भएको थियो भने अर्खा आधारभुत स्वास्थ्य इकाइको भवन,रजवारा स्वास्थ्य चौकी भवन, ,लिवाङ स्वास्थ्य चौकी भवन र नारिकोट स्वास्थ्य चौकी भवन र पुजा स्वास्थ्य चौकी भवन निर्माणाधिन अवस्थामा थिए र हाल अर्खा स्वास्थ्य चौकीको भवन निर्माण सम्पन्न भइ सबै वडाहरुमा स्वास्थ्य चौकी भवनहरु र आवश्यकता अनुसार ढाड खानि स्वास्थ्य इकाई,ठुलाचौर स्वास्थ्य इकाई,अधेरी स्वास्थ्य इकाई,मष्टथान,बाग्लिवाङ स्वास्थ्य इकाई,खलाचौर स्वास्थ्य इकाई,खाल स्वास्थ्य इकाई,अर्तुवाङ खोप केन्द्र,बाह्य खोप केन्द्र, निर्माण सम्पन्न भएका छन्।त्यसै गरि गौमुखी गाउँपालिकाका हामि बासिन्दाहरुले सामान्य बिरामि पर्दा समेत समयमै उपचार नपाउने,उपचार पाए पनि लामो दुरि हिड्नुपर्ने,उपचार बढी खर्चिलो हुने जस्ता यावत समस्याहरु भोगि राखेको सन्दर्भमा त्यस्ता समस्याहरु समाधान गरि गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउने उदेश्यका साथ १५ शैया क्षमता भएको गौमुखी आधारभुत अस्पतालको भवन निर्माण कार्य सम्पन्न भएको छ र आर्थिक वर्ष २०८३/०८४ देखि न्युनतम आवश्यक

पर्ने जनशक्तीको व्यवस्थापन सहित अस्पताल सञ्चालन गरिनेछ। आमा र नवजात शिसुहरुको मृत्युदरमा उच्च भइ राखेको विगतको कहालि लाग्दो अवस्थालाई दिर्घकालिन समाधान र पुर्ण सुरक्षाको प्रत्याभुति दिन प्रयासस्वरुप स्वास्थ्य चौकीहरूमा बर्थिङ सेन्टर र आधुनिक ल्याब सञ्चालनका लागि आवश्यक भवन तथा कोठाहरू व्यवस्थापन गरिएको छ। फलस्वरुप पुर्ण संस्थागत सुत्केरी र पुर्ण खोप कार्यक्रम को उपलब्धि हासिल गरिएको छ।

- भौतिक पूर्वाधार र नागरिकको जीवनस्तर सुधार अन्तर्गत खानेपानी क्षेत्रमा गाउँपालिकाले उल्लेखनीय उपलब्धि हासिल गरेको छ। आर्थिक वर्ष २०७४/०७५ अगाडिसम्म यस गाउँपालिकामा **'एक घर एक धारा'** को कुनै निश्चित कार्यक्रम नरहेको अवस्था थियो। तर स्थानीय सरकार र अन्य संस्थाहरुको समन्वयन र साझेदारिमा निरन्तर लगानी र प्राथमिकताका कारण आर्थिक वर्ष २०८२/०८३ सम्म कुल १३६ वटा सामुदायीक धारा र १४४१ एक घर एक धारा गरि जम्मा १५७७ धाराबाट ३५०० घरधुरीमा स्वच्छ तथा सुरक्षित खानेपानीको पहुँच पुऱ्याउन सफल भइएको छ। यस गौरवमय उपलब्धिलाई संस्थागत गर्दै आगामी आर्थिक वर्षमा 'पूर्ण खानेपानी सन्तुष्ट गाउँपालिका' बनाउने नीति लिइनेछ। साथै मानव जिवनको लागि अति आवश्यक पर्ने खानेपानिको अभावको कारण पनि गौमुखी गाउँपालिकाको वडा नं. ७ का बासिन्दाले भोगिरहेको समस्या समाधानको लागि बहुबर्षिय महत्वपुर्ण लिप्ट खानेपानि योजना निर्माणाधिन अवस्थामा रहेको र आर्थिक वर्ष २०८३/०८४ मा लिफ्ट खानेपानी योजनाको कार्य पुरा गरिनेछ।
- विकासको मुल आधार यातायात पुर्वाधार हो। यसले बस्तु तथा सेवाको कारोबारमा सहजता पुर्याउनुको साथै बस्तीहरुबीचको दुरी घटाउन महत्वपुर्ण भुमिका खेल्ने यातायात पुर्वाधार आर्थिक वर्ष २०७४/०७५ सम्म वडा नं.१,३,४,५,६ र ७ मा वडा केन्द्र सम्म मात्रै सडकको ट्र्याक बाटो खोलिएको थियो भने २९ वटा काठका डेग भएका झोलुङ्गे पुल थिए, पक्कि सडक पुल बनिसकेका थिएनन् र बाटो ढलानको कार्य पनि भएको थियन भने आर्थिक वर्ष २०८२/०८३ सम्म संघीय सरकार,प्रदेश सरकार र विभिन्न संघ संस्थाहरुको समन्वयनमा नया सडक निर्माण १७१.४ कि.मि.,६७ किलोमिटर सडक स्तरोन्नती,५३.५ किलोमिटर सडक ग्रावेल र २२२.५२ मिटर सडक ढलान गरिएको छ। त्यसै गरि ठुलावेसि र सिरुङ खोला गरि २ वटा पक्कि पुल निर्माण भएको छ। त्यसैगरि ८ वटा स्टिलका डेग भएका झोलुङ्गे पुलहरु निर्माण तथा ठुलावेसि र विप्पे गौडा झोलुङ्गे पुल बृहत मर्मत भएका छन। अर्खा र रजवारा जोड्ने ३७३ मिटर लामो झोलुङ्गे पुल निर्माण सम्पन्न भएको छ।

- हाम्रो गाउँपालिकाको **गत ५ वर्षे अवधीको खरको छाना मुक्त अभियान** अन्तर्गत चालु आवसम्म १६९५ घरपरिवारले आफ्नो घरको छाना जस्तापाताले छाईसकेका छन्।गौमुखी गाउँपालिकालाई औपचारिक रुपमा खरको छाना मुक्त गाउँपालिका घोषणा गरिएको छ, जसले सबै घरहरूमा सुरक्षित र टिकाउ छाना सुनिश्चित गरेको छ।
- गौमुखी गाउँपालिका पानि,बाढी,चटयाङ लगायतका मौसम जन्य विपतबाट उच्च जोखिममा रहेको भौगोलिक अवस्थालाई मध्यनजर गर्दै आउन सक्ने विपतको आपतकालिन व्यवस्थापन तथा उद्वार गर्न सहज होस भन्ने पवित्र उदेश्यकासाथ हेलिप्याड निर्माण गरिएको छ।

- **अब म आर्थिक बर्ष २०८२/०८३ मा अघि बढाइएका निति तथा कार्यक्रमको समिक्षा संक्षेपमा चर्चा गर्दछु।**
- कुल २० वटा बाटो मर्मत तथा नयाँ ट्र्याक निर्माणको कार्य सम्पन्न गरिएको छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सवै वडामा कुल ७ वटा योजना संचालन गरिएको छ।चालु आर्थिक बर्षमा १०१० जना बेरोजगार सूचिकरत गरिएको छ । जस्मा ८६३ महिला र १४७ पुरुष रहेका छन्।
- यस कार्यक्रमबाट ५२ जनालाई १०० दिनको रोजगारी सृजना गरिएको छ भने यसमा ७२ लाख ०४ हजार ४ सय ९६ रकम खर्च भएको छ।
- आ.व. २०८२/०८३ मा गौमुखी गाउँपालिकामा कच्चि घर विमा कार्यक्रम अन्तर्गत गौमुखी गउँपालिकाका ७ वटै वडाका ४७४८ घर धुरीमा पाँच लाख सम्मको विमा गर्ने कार्य सम्पन्न गरिएको छ।
- गौमुखी गाउँपालिकाले वडा नं. १,२ र ३ का ५५ जना कृषकहरुलाई ८२५ वटा दाँते ओखरको बिरुवा वितरण गरिएको छ ।
- आकस्मिक बालि संरक्षण कार्यक्रम अन्तर्गत आ.व. २०८२/०८३ मा विभिन्न विपत जन्य क्षतिमा (आगालागि,बाढि,पहिरो,चटयाङ्बाट पशुमा क्षति पुग्राउदा ८ जना कृषकलाई रु १२००००/- राहात रकम कार्यविधि बमोजिम उपलब्ध गराइएको।
- कृषि तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम अन्तर्गत आ.व. २०८२/०८३ मा गौमुखी गा.पा.अन्तर्गत वडा नं. २,४,५ र ७ मा गरि जम्मा ७९५ घर धुरिहरुको तथ्याङ्क सफ्टवयरमा प्रविष्ट गरिएको छ।
- सहकारी संस्थाहरुलाई प्रविधि मैत्री बनाउन र कोपोमिक्स प्रणालीमा अद्यावधिक गराउन ३ दिने प्रयोगात्मक तालिम सञ्चालन गरिएको छ।

- कृषि पकेट क्षेत्र विकास कार्यक्रम अन्तर्गत १ वटा आलु पकेट क्षेत्र विकास कार्यक्रम संचालन गरिएको छ।
- पशु स्वास्थ्य शिविर वडा नं १,३,६ र ७ मा संचालन गरिएको छ। यसबाट १६ सय पशुपक्षीहरुलाई उपचार गरिएको छ।नियमित पशु औषधि वितरण अन्तर्गत १२ सय कृषकहरु लाभान्वित भएका छन्।
- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत ३० जनालाई उद्यमशिलता विकास तालिम, २८ जना उद्यमीलाई प्राविधिक सिप विकास तालिम संचालन गरिएको छ।
- प्रविधि तथा मेशिन औजार हस्तान्तरण अन्तर्गत १ सेट पन्चे बाजा सेट वितरण गरिएको छ।
- नेपाल सरकारको भू-उपयोग ऐन तथा नियमावली बमोजिम गाउँपालिका भित्र भूमिको वर्गिकरण गर्न र कार्य सम्पन्न गरिएको छ ।
- मनसुनजन्य विपदबाट प्रभावित १३ परिवारका लागि १ लाख १० हजार र चट्याङबाट मृत्यु भएका ३ जना परिवारका लागि ३ लाख ५० हजार रकम उपलब्ध गराईएको छ।
- गौमुखी गाउँपालिका पूर्ण संस्थागत प्रशुति सेवायूक्त पालिका घोषणा भएसंगै सुनिश्चितताको लागि जिम्मेवारी थपिएको अनुभुति भएको छ ।
- न्यायिक समितिमार्फत ६२ वटा विवाद समाधान भएको छ। विवाद समाधानमा मेलमिलापको बाटोलाई प्रयोग गर्न अग्रसरता लिईको छ।
- मधुमेह उच्चरक्तचाप, को परिक्षण उपचार प्रेषण गर्नुका साथै विशेषज्ञ स्वास्थ्य शिविर स्वास्थ्य चौकी पुजामा २ पटक सम्पन्न गरी कुल ३७३ जनालाई सेवा प्रदान गरिएको छ।
- दिर्घरोगि उपचार सहायता, विपन्न नागरिक उपचार सहायता कार्यक्रमबाट ५५ जनालाइ सेवा प्रदान गरिएको छ।
- गौमुखी गाउँपालिकाको आयोजनामा लमहि आँखा अस्पताल संग समन्वयन गरि पुजा स्वास्थ्य चौकीमा ३५ जना र विजुवार आखा उपचार केन्द्रमा १२ जना गरि जम्मा ४७ जना ज्येष्ठ नागरिकहरुको मोतिबिन्दु शल्यकृया गरियको छ । गौमुखी ५ **ठुलावेसिमा आँखा उपचार केन्द्र** सञ्चालनको लागि अनुदान तथा सहायता प्रदान गरिएको छ।
- गर्भवती महिलाहरुकोलागि सबै स्वास्थ्य संस्थाहरुमा ग्रामिण भिडियो एक्सरे सेवा सन्चालन हुँदा १४२ जनामा जाँच हुदा ३ जनालाई प्रेषण गरिएको छ। २५ जना दिर्घ रोगिहरुले मासिक रु ५ हजारका दरले उपचार सहायता प्राप्त गरेका छन।त्यसै गरि २२ जना बिपन्न नागरिकहरुले सहायता प्राप्त गरेका छन।

- गर्भवतिहरुलाई सुत्केरी हुन संस्थामा निशुल्क ल्याउने एम्बुलेन्स सेवा तथा यातायात सहुलियत प्रदान गरिएको छ।
- पुजा स्वास्थ्य चौकीलाई आधारभुत अस्पतालको नया भवनबाट सेवा प्रदान सुरुवात गरिएको छ।
- गौमुखी गाउँपालिका वडा नं. ४ र ७ का २ वटा स्वास्थ्य चौकीबाट online system को सेवा प्रदान गर्ने कार्य सुरुवात गरिएको छ।
- सामाजिक सुरक्षातर्फको भत्ता प्राप्त गर्ने लाभग्राहीहरु जम्मा ३१९५ जना रहेका छन्।लाभग्राहीहरुमा २८९३ जनाको नविकरण भएको, २२९ जना नयाँ थप भएको र १४६ जनाको लगतकट्टा गरिएको छ।
- आ.व.२०८२/०८३ मा ७ वटै वडामा गई सबै जम्मा ३२३३ जना लाभग्राहिहरु लाइ सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ।
- गौमुखी गाउँपालिकाको प्रशासनिक भवन,गौमुखी आधारभुत स्वास्थ्य अस्पतालको भवन र गाउँसभाको भवन तथा सो आसपासको बस्तिहरुको सुरक्षाकोलागि र झिमरुक नदी नियन्त्रणका लागि झिम्रुक नदिमा तटबन्धन कार्य अगाडि बढाईएको छ।
- खेल क्षेत्र र खेलाडीहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले १६ औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने धाविका अन्जुली मल्ल सम्मानित हुनुभएको छ। प्रतियोगिताको ३ हजार मिटर दौडतर्फ जिल्ला, प्रदेश र राष्ट्रिय स्तरमै पदक तालिकामा कब्जा जमाउन सफल मल्ललाई प्रोत्साहन स्वरूप नगद रु. १ लाख प्रदान गरिएको छ। यस प्रकारको सहयोगले खेलाडीको मनोबल उच्च बनाउने र खेल क्षेत्रको विकासमा थप मद्दत पुग्ने विश्वास लिइएको छ।

**गाउँसभाका सदस्यहरु,**

- तमाम अभाव र आकांक्षाका वीच गौमुखी गाउँपालिकाको समग्र विकास र समृद्धिको लागि अव म आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम क्षेत्रगत रुपमा सम्मानित गाउँ सभामा पेश गर्ने अनुमति चाहन्छु ।

**आर्थिक विकास सम्वन्धि नीति**

- आवश्यकता, लागत, समय, अपेक्षित प्रतिफल तथा प्रभावको आधारमा आयोजना तथा कार्यक्रमको बर्गीकरण तथा प्राथमिकरण गरी सन्तुलित रुपमा स्रोतको परिचालन गरिने छ। योजना र कार्यक्रमको संख्याभन्दा गुणात्मक पक्षमा जोड दिइनेछ।
- संचालन हुने कार्यक्रम तथा योजनाहरु रोजगार वृद्दि तथा उद्यमसिलता विकास गर्ने खालका छनौट गरिनेछ। आन्तरिक उत्पादनलाइ वृद्धी गरि आत्मनिर्भरतर्फ उन्मुखको लागी कृषी तथा पशु पालन क्षेत्रमा थप जोड दिइने छ।
- कृषि तथा पशुजन्य वस्तु तथा उत्पादनको बजारिकरण र व्यवसायीकरणलाई प्रोत्साहन गर्ने कार्य निरन्तरता दिनेछ। कृषी र पशुपालन क्षेत्रमा हुन सक्ने विपद् र जोखिमबाट क्षतिको न्यूनिकरण, उद्धार तथा राहत कार्यक्रमहरू संचालन गरिनेछ। साथै, प्राकृतिक विपद्, रोग तथा अन्य जोखिमहरूबाट कृषकहरूको आर्थिक सुरक्षा र आत्मनिर्भरता सुनिश्चित गर्न बाली तथा पशु बिमा कार्यक्रम मार्फत प्रोत्साहन प्रदान गरिनेछ।
- कृषिमा आत्मनिर्भरता हासिल गरी उत्पादन वृद्धि गर्ने साथै आर्थिक स्रोतहरूलाई स्थानीय तहमै बचत र पुनः लगानी गर्दै स्थायी आर्थिक विकास सुनिश्चित गर्ने उद्देश्यले यस आर्थिक वर्षमा कम्तिमा तरकारीमा पूर्ण आत्मनिर्भर हुन अग्रसरता लिईनेछ। यसमार्फत कृषि पेशाबाट जीविकोपार्जन सम्भव रहेको कुरालाई समुदायमा स्थापित गरिने छ।
- गाउँपालिका भित्रका सबै घरहरूमा "**एक घर, एक फलफुलको बोट** " अभियान सञ्चालन गरिनेछ। यस अभियानलाई विद्यालय, समुदाय र स्थानीय संघसंस्थासँगको सहकार्यमा अघि बढाइनेछ। जस्ले गर्दा **हरियाली र स्वच्छ वातावरण** कायम गर्नुका साथै पोषणमा सुधार र ताजा फलफूलको उपलब्धता बढ्नेछ ।
- गाउँपालिकाभित्र पाइने रैथाने तथा पोषणयुक्त तरकारी बालीको उत्पादन बढाई नागरिकको स्वास्थ्य र पोषण सुरक्षा सुनिश्चित गर्न **'एक घर, एक करेसावारी'** अभियानलाई विशेष नीतिका रूपमा संचालन गरिनेछ।
- हानिकारक बन्यजन्तुहरुबाट बाली नाली जोगाउने किसानको माग र आवश्यकतालाई मध्यनजर गर्दै बाँदर नियन्त्रण गर्न स्वयंसेवक परिचालन गरिनेछ।
- स्थानिय उत्पादकको विक्रि वितरणमा सहजता तथा प्रचार प्रसारको लागि स्थानिय स्तरमा स्थापना भएका **हाटबजारलाई व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिईनेछ।**

- कृषी, बन तथा जरिबुटीमा आधारित उद्योगहरुको विकासका लागि आवश्यक सहयोग गरिनेछ। आन्तरिक उत्पादनलाइ प्रोत्साहन गर्न मेला प्रर्दशनीमा उत्पादनको बजारिकरणमा जोड दिइनेछ। घरेलु उद्यम संञ्चालन र सञ्चालित उद्यमहरुलाइ प्रोत्साहन गरिनेछ।
- "**बेरोजगारलाई रोजगार, उत्पादनलाई बजार**" भन्ने नारालाई चरितार्थ गर्न बेरोजगार युवाहरुलाई सीप, तालिम र सहुलियत दिई दक्ष जनशक्ति मार्फत स्वरोजगारतर्फ उन्मुख गर्दै "मिसन रोजगारः दिगो रोजगार र उद्यमशिलता प्रदर्द्धन अभियान" सञ्चालन गरिनेछ। स्वरोजगारबाट उत्पादनमा वृद्धि गरी त्यसलाई बजारसम्म पहुँच पुऱ्याउने व्यवस्था मिलाइनेछ, जसले आत्मनिर्भरता र स्थानीय आर्थिक समृद्धिमा टेवा पुऱ्याउनेछ।
- गौमुखी गाउँपालिकालाई पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न नयाँ गन्तव्यको पहिचान, पूर्वाधार विकास, संस्कृति, प्रकृति र स्थानीय उत्पादनको प्रवर्द्धन मार्फत नयाँ अनुभव प्रदान गराउदै पर्यटकलाई आकर्षित गरिनेछ। यस बाट स्थानीय रोजगारी, आत्मनिर्भरता र समृद्धिको आधार निर्माण गर्नेछ। यस कार्यक्रमलाई मुर्तता प्रदान गर्नको लागि खेलकुद पर्यटन, फुड फेष्टिवल,कला साहित्य तथा साँस्कृतिक कार्यक्रम साथै एक वडा एक विशिष्ट कार्यक्रम जस्ता कृयाकलाप सञ्चालन गरिनेछ ।
- गाउँपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउँदै स्थानीय अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान बढाउन वैज्ञानिकिकरण, आधुनिकीकरण र यान्त्रिकीकरणको माध्यमबाट कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने उद्देश्यले उत्पादनमुखी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- गौमुखी गाउँपालिकालाई "**फुलै फुलको गाउँपालिका**" का रूपमा विकास गर्दै, प्राकृतिक तथा आर्थिक समृद्धिका लागि पुष्प खेतीलाई प्राथमिकताका साथ प्रोत्साहन गरिनेछ। जैविक र सजीव फूल उत्पादनमार्फत वातावरण संरक्षण सुनिश्चित गर्दै स्थानीय कृषकहरूको आय वृद्धि गरिनेछ। साथै, वातावरणीय प्रदूषण र स्वास्थ्य जोखिमलाई ध्यानमा राख्दै प्लास्टिक फूलको प्रयोगलाई पूर्ण रूपमा निरुत्साहित गरिनेछ।
- **कृषी तथा पशु सेवा क्षेत्रको प्रवर्द्धन तथा प्रोत्साहनको लागि कृषकहरुबाट उत्पादन भएको उत्पादनहरु गाउँपालिकाले बजारिकरणको व्यवस्था गरिने कार्यक्रमको निरन्तरता रहने छ।**
- पशु चौपायाहरुको संरक्षण र व्यवसाय प्रवर्द्धनको लागि सबै वडाहरुमा **भकारो तथा खोर सुधार कार्यक्रम**लाई निरन्तरता दिईनेछ।
- आलु पकेट क्षेत्रको रुपमा विकास भएको बुक्तिचौर लगाएतका क्षेत्रलाई व्यवस्थित गर्न थप कार्यक्रमहरु संचालन गरिनेछ ।

- गाउँपालिकामा कृषक समूह गठन र सहकारीको प्रवर्द्धन गर्न प्रोत्साहन गरिनेछ। यी समुह तथा सहकारीमार्फत उद्यमसिलता विकासमा जोड गरिने छ।
- कृषकहरूको उत्पादन क्षमतामा वृद्धिका लागि आवश्यक कृषि प्राविधिक सेवाहरू र उत्पादन सामग्रीहरूको उपलब्धता सुनिश्चित गरिनेछ। साथै, उत्पादनको आधारमा किसानलाई प्रोत्साहन र सहुलियत प्रदान गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ।
- बस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न बालीहरुको बीउ प्रतिस्थापन तथा पशु नश्ल सुधारका कार्यक्रमहरु संचालन गरिनेछ। साथै गौमुखी मा.वि. ठुलावेसीका कृषि प्रशिक्षक र पालिकाका कृषि प्राविधिकहरुको सहकार्यमा उच्चमुल्य र रैथाने बालीहरुको अध्ययन अनुसन्धान गरिनेछ।
- पढ्दै कमाउदै कार्यक्रम अन्तर्गत कृषि अध्ययनरत बिद्यार्थीहरुलाई परिचालन गरि प्राभावकारी बनाइने छ ।

## राजश्व परिचालन नीति

- गाउँपालिकाको आन्तरिक स्रोतमा स्थायी वृद्धि ल्याउन योजनाबद्ध प्रयास गरिनेछ। यसका लागि राजस्व सुधार योजना तर्जुमा गरिनेछ र सम्भावित आय—स्रोतहरूको पहिचान एवं परिचालन गरिनेछ। आन्तरिक राजस्व लेखांकन प्रणालीलाई प्रविधिमैत्री बनाउँदै अनलाईन प्रणाली लागू गरिनेछ।
- गाउँपालिकाभित्र सञ्चालन भईरहेका सम्पूर्ण व्यवसायहरूलाई अनिवार्यरूपमा दर्ता तथा नवीकरण गराउने प्रक्रिया प्रभावकारी र नियमित रूपमा निरन्तरता दिइनेछ।

## शिक्षा,युवा तथा खेलकुद सम्वन्धि नीति

- गाउँपालिकाको शिक्षा क्षेत्रमा आवश्यक सुधारका लागि योजनाबद्ध रुपमा कार्यक्रम अगाडि बढाउने उदेश्यले सरोकारवालाको सहभागितामा तयार पारियको शिक्षाको १० बर्षे योजना कार्यान्वयनलाई निरन्तरता दिईनेछ ।
- सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बालबिकास शिक्षादेखि दश कक्षासम्मको शिक्षा निशुल्क रुपमा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

- सामुदायिक विद्यालयहरुको चल अचल सम्पत्तिको अभिलेख व्यवस्थापन गरी अवस्था अनसुार सञ्चालन, व्यवस्थापन र संरक्षण गराउने नीति अवलम्बन गरिनेछ ।
- हाम्रो गौमुखी विषयको कक्षा १ देखी ८ को स्थानीय पाठ्यक्रमको सिकाईलाई व्यवहारिक र प्रत्यक्षरुपमा सम्लग्न भएर सिक्ने सिकाउने व्यवस्था मिलाउन आवश्यक कार्य अगाडि बढाईनेछ ।
- सामुदायिक विद्यालयहरुको गुणस्तर सधुारका लागि खुला प्रतिस्पर्धात्मक प्रणाली मार्फत प्रधानाध्यापकहरुको छनोट गरी प्रधानाध्यापकसँग कार्य सम्पादन करार गरिनेछ भने विद्यालय तहमा विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापकसँग शिक्षकहरुको कार्य सम्पादन करार गर्ने कार्यको निरन्तरता दिने नीति अवलम्बन गरिनेछ ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार र प्रशासनिक सुदृढीकरणका लागि दरबन्दी मिलान, क्षमता विकासकार्यक्रम गरि आवश्यकताको आधारमा शिक्षकहरुको व्यवस्थापन कार्य अगाडी बढाईनेछ। सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई शिक्षासँग सम्वन्धित तथा प्रचलित कानूनले निर्धारण गरेका विषय वाहेक अन्य संघसंस्था,समितिमा आवद्ध हुने कार्यलाई रोक्ने नीति अवलम्वन गरिनेछ ।
- कक्षा ८ को परीक्षालाई आधारभुत तहको मानक परीक्षाको रुपमा प्रभावकारी रुपमा संचालन गरिनेछ। परिक्षा प्रणाली जिम्मेवार व्यवस्थित र परिक्षार्थी मैत्री गराइनेछ।
- पालिकाभित्र अवस्थित खेलमैदानहरूको स्तरोन्नति र समुचित विकास गरिनेछ। यससँगै, खेलाडीहरूको शारीरिक, मानसिक तथा सामाजिक रूपमा चौतर्फी विकास सुनिश्चित गर्न **खेल प्रशिक्षकहरूको व्यवस्था** तथा **खेल पर्यटन प्रवर्द्धन**मा जोड दिइनेछ। यस कार्यमा संघ र प्रदेश सरकारको सहकार्य, पालिकाको समन्वय तथा विद्यालयहरूको सहकार्यमा खेलकुद विकासका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।`
- राष्ट्रपती रनिङ्शिल्ड प्रतियोगितालाइ गाउँपालिका स्तरमा खेल प्रतिभा उत्पादन र पहिचान गर्ने क्षेत्रको रुपमा उपयोग गर्न प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।
- गाउँपालिकाभित्र नियमित रूपमा **विद्यालयस्तरीय, वडास्तरीय तथा पालिकास्तरीय खेलकुद प्रतियोगिताहरू** आयोजना गरिनेछन्, जसबाट स्थानीय स्तरमा प्रतिभावान खेलाडीहरूको पहिचान तथा प्रोत्साहन हुनेछ।
- यसका साथै, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पालिकाको नाम, गरिमा र प्रतिष्ठा बढाउन योगदान पुऱ्याएका खेलाडीहरूलाई पालिकाको तर्फबाट **विशेष सम्मान तथा कदर** गरिनेछ।

- आवश्यक भौतिक पुर्वाधार, शैक्षिक सामाग्री, तालिम , विद्यालयको संस्थागत क्षमता अभिवृद्धि, जनशक्ति व्यवस्थापन र अनुशासित शैक्षिक वातावरण निर्माणको लागी गाउँपालिकाभर रहेका विद्यालयसँग सहकार्य गरिनेछ।
- गाउँपालिकाका विद्यालयलाइ विभिन्न प्राविधिक शिक्षाको लागि प्रदेश/संघिय सरकारमा पहल र समन्वय गरिनेछ।
- पालिका भित्र सक्रिय सबै राजनैतिक दल, संघ संस्था, अभिभावक, सम्पुर्ण सरोकारवाला तथा बुद्धिजिविहरुको भेला बोलाई कुनै पनि बहानामा विद्यालयलाई बन्द नगराउने प्रतिबद्धता गराउन पहल गरिनेछ।
- आर्थिक अभावकै कारण कुनै पनि बालबालिका माध्यमिक तहसम्मको शिक्षाबाट बञ्चित हुने अवस्थालाई निर्मुल गर्न प्रयास गरिनेछ। आर्थिक रुपले विपन्न, पिछडिएको जातजाती र समुदायका बालबालिकाहरुलाई विद्यालयसम्म ल्याउन र टिकाउनको लागी छात्रवृत्ति प्रदान गरिनेछ।
- विद्यालयभित्र बाहिर रहेका किशोर किशोरीहरु तथा प्रजनन् उमेर समुहका महिलाहरुको यौन तथा प्रजनन् सुधारका लागी प्राथामिकताका साथ विभिन्न स्वास्थ्य सचेतिकरण कार्यक्रम सन्चालन गरिने छ ।
- सामुदायीक विद्यालयबाट प्रदान हुने शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकलाई विद्यालय सुधारको कार्ययोजना बनाउन लगाई कार्यसम्पादन सम्झौता गरिनेछ। साथै विद्यालयको व्यवस्थापकीय तथा प्रशासनिक सुधारको आवश्यक कार्य गरिनेछ।
- विद्यालयमा कार्यरत शिक्षकहरुको नियमित हाजिरी र उपस्थिति, अनुशासन, काम प्रतिको लगाव तथा इमानदारिता र शिक्षाको गुणस्तर अभिवृद्धि गर्न गरेको प्रयत्नको निरन्तर अनुगमन तथा मुल्याङ्कन गरि उचित दण्ड र पुरस्कारको नीति अबलम्बन गरिनेछ।
- शिक्षकहरुको शिक्षण क्षमता अभिवृद्धि गर्न बिषयगत तथा विभिन्न तालिमहरु संचालन गरिनेछ। अधुरा रहेका शैक्षिक पुर्वाधारका योजनाहरु सम्पन्न गर्ने निति लिइनेछ ।
- माध्यमिक विद्यालयहरुमा बर्षै भरि सेनेटरी प्याड उपलब्ध हुने व्यवस्था मिलाइनेछ। विद्यालयमा हरेक शुक्रबार अतिरिक्त क्रियाकलाप संचालनलाई अनिवार्य गरिनेछ।
- भलिबल खेलको माध्यमबाट गाउँपालिकालाई राष्ट्रिय स्तरमा चिनाउन यसको प्रवर्द्धन तथा गाउँपालिकास्तरिय प्रतियोगिताहरु संचालन गरी खेलाडीहरु उत्पादन गर्न प्रोत्साहन गरिनेछ। भलिबल तथा अन्य खेलमैदान निर्माण, खेल सामाग्री व्यवस्थापन, खेलाडीलाई प्रोत्साहान, वडा

स्तरिय नियमित प्रतियोगिता संचालन लगायतका खेलकुद कार्यक्रम संचालन गरिनेछ। गौमुखी गाउँपालिकालाइ राष्ट्रिय खेल भलिवल हबको रुपमा विकस गर्न भलिवल प्रशिक्षण केन्द्र स्थापना गरिनेछ ।

**स्वास्थ्य सम्वन्धि नीति**

- आधारभूत स्वास्थ्य सेवा जनताको मौलिक अधिकार भएकोले उपचारात्मक, प्रबर्द्धनात्मक, प्रतिकारात्मक, पनुस्र्थापनात्मक तथा प्रशुति स्याहार कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- वडास्तरमा ७० वर्षभन्दा माथिका जेष्ठ नागरिक, अशक्त तथा बेसाहारा नागरिकहरूलाई लक्षित गरी **वडा तहमै घुम्ती विशेषज्ञ स्वास्थ्य परामर्श सेवा** उपलब्ध गराउने व्यवस्था गरिनेछ। गाउँपालिकामा रहेका स्वास्थ्य संस्था, गाउँघर क्लिनिक, खोप केन्द्र, महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य आमा समूह आदिको **उचित परिचालन, क्षमता अभिवृद्धि र सेवा सुधार** गरिनेछ। गुणस्तरीय र पहुँचयोग्य स्वास्थ्य सेवा सुनिश्चित गर्न विषयगत कार्यक्रम तथा संघसंस्थासँग **सहकार्य र समन्वय सुदृढ** गर्दै जान्ने नीति अवलम्बन गरिनेछ।
- संस्थागत सुत्केरी सेवा प्रोत्साहन र मातृ—शिशु स्वास्थ्यमा सुधार ल्याउने उद्देश्यले **सुत्केरीलाई प्रदान गरिने पौष्टिक आहार प्याकेज कार्यक्रमलाई थप प्रभावकारी बनाइ निरन्तरता** दिइनेछ। यस कार्यक्रममार्फत सुरक्षित सुत्केरी, पोषण सुरक्षा र स्वास्थ्य सेवा उपयोगमा वृद्धि गरिनेछ।
- गौमुखी गाउँपालिका पूर्ण संस्थागत प्रशुति सेवायूक्त पालिका घोषणा भएसँगै आगामि आर्थिक बर्षमा पूर्ण संस्थागत प्रशुति सेवा शुनिश्चितताका लागि दिगोपना सम्बन्धी विभिन्न कार्यक्रमहरु गरिनेछ ।
- गाउँपालिकास्तरमा रहेको चिकित्सकिय सेवालाई निरन्तरता दिइने छ। **"हरेक महिनामा डाक्टर जनताको दैलोमा"** कार्यक्रम संचालन गरी वडामा चिकित्सकिय सेवाको पहुँचमा कार्यलाई थप प्रभावकारी गराइने छ।
- १५ सैयाको गौमुखी आधारभुत अस्पताल भवन निर्माण कार्य सम्पन्न भएको छ। आगामी श्रावण देखि अस्पताल संचालन गरी नागरीकलाई चिकत्सकीय सेवा प्रदान गरिनेछ। अस्पतालबाट गौमुखीवासीलाई विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्न योजना बद्ध प्रयास गरिनेछ।
- आधारभुत स्वास्थ्य सेवाको **पहुँचलाई घर घरमा पुर्याउने अभियान** संचालन गरिनेछ।

- आधारभुत स्वास्थ्य सेवा केन्द्र र आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य इकाइहरुमा सुरक्षित प्रसुति सेवा विस्तार गरिदै लगिने छ । २४ घण्टा प्रसुति सेवा तथा अति आवश्यक स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक कदम चालिने छ।
- **"स्वस्थ मन, स्वस्थ जीवन" अभियानअन्तर्गत** शारीरिक तथा **मानसिक स्वास्थ्यका लागि गाउँपालिकाभित्र विभिन्न** स्थानहरूमा सजिलै सबैको पहुँच हुने गरी **खुल्ला व्यायामशाला र** ध्यान केन्द्र स्थापना गर्न उपयुक्त स्थानहरूको पहिचान गरी विकास गरिनेछ ।
- **स्वास्थ्यका लागि खेल** भन्ने नाराका साथ स्वस्थ जीवनशैलीलाई प्रवर्द्धन गर्न खेलकुदलाई आधार बनाउँदै सबै उमेर समूहका नागरिकलाई नियमित रूपमा शारीरिक क्रियाकलापमा सहभागी गराइनेछ। खेलकुदलाई मनोरञ्जन मात्र होइन, स्वास्थ्य सुधारको प्रभावकारी साधनका रूपमा विकास गरिनेछ।

**महिला,बालबालिका,जेष्ठ नागरिक,अपाङ्गता भएका व्यक्ति,लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्वन्धि नीति**

- लैङ्गीक समानता र सामाजिक समावेशीकरण र समानुपातिक प्रतिनिधित्व सम्बन्धी विषयहरुलाई सम्बोधन गर्ने गरी विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । महिला उद्धमशिलताका माध्यमबाट स्थानीय उद्योग तथा व्यवशायको प्रवर्द्धन गने नीति लिइनेछ । महिला अधिकार,कर्तव्य र जिम्मेवारीसँग सम्बन्धि क्षमता विकासका कार्यक्रम मार्फत महिलाहरुलाई विकास र शासकीय प्रक्रियाको मूल प्रवाहमा समाहित गरिनेछ ।
- बाल विवाह, बालश्रम, दुर्व्यवहार, लागुपदार्थ दुर्व्यसन न्यूनिकरण गर्दै स्वस्थ, सभ्य, सिर्जनशिल र समतामूलक समाजको निर्माण गरिनेछ । परिवार बिहिन, बेसहारा तथा जेष्ठ नागरिकलाई संरक्षणको नीति अवलम्बन गरिनेछ । महिला, बालबालिका, जेष्ठ नागरिक आदिलाई सामाजिक, आर्थिक र जातीय विभेद, कुप्रथा तथा प्रचलन न्यूनिकरणका कार्यक्रम मार्फत न्यायपूर्ण समाज निर्माणमा जोड दिइनेछ । जेष्ठ नागरिक परिचयपत्र, अपाङ्गता परिचयपत्र तथा सामाजिक सुरक्षाभत्ता वितरण लगायतका आधारभूत सेवाहरुलाई **घरदैलोमै सरकार** भन्ने अअभियानका रुपमा सञ्चालन गरिनेछ । बालश्रम, बालविवाह, दाइजो प्रथा, घरेलु तथा लैङ्गिक हिंसा जस्ता कुरीतिहरुलाई न्यूनिकरण गर्दै समतामूलक समाज निर्माण गर्न विभिन्न लक्षित संजालहरुको परिचालन गरी चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

- अपाङ्गहरुको एकिकृत तथ्याङ्क संकलन गरी आवश्यकता अनुसार सहायताको उपलब्धता र सहजीकरण सम्बन्धी काम गरिनेछ।(ग) वर्गको अपाङ्गहरु लाई आयमुलक कृयाकलापहरुमा सहभागि बनाउन आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्वन्धि नीति**

- गाउँपालिका भित्र रहेका सबै वडाहरुमा पञ्जिकरण सम्बन्धी अभियान संचालन गरिनेछ । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने योग्य नागरिकहरुको लागी प्रत्येक वडामा सामाजिक सुरक्षा भत्तालाई व्यवस्थित बनाउन लाभग्राहिहरुलाई प्रशिक्षण मार्फत सक्षम बनाई स्थलगत गुनासो दर्ता र फछ्र्यौट गर्ने व्यवस्था मिलाइनेछ । स्थानीय तहमा अति विपन्न परिवार, सुविधाबाट वञ्चित तथा असक्त बेसाहारा व्यक्तिहरुको लागि सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ ।

**पूर्वाधार विकास सम्वन्धि नीति**

- पूर्वाधार निर्माणमा अधुरा आयोजनालाई विशेष प्राथमिकतामा राखि आगामि आर्थिक बर्षमा निर्माण सम्पन्ण गर्ने निति अवलम्वन गरिने छ।
- पालिका भित्र रहेका कच्ची आवासीय घरहरुको लगत संकलन गरी अधिकतम विमाङ्कक रु ५ लाख सम्मको घरविमा (निर्जीवन विमा) कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- प्रत्येक वडाका मुख्य सडकहरुलाई बाह्रै महिना एम्बुलेन्स लगाएतका अत्यावश्यक सवारी साधन सञ्चालन गर्न प्रयास गरिने छ ।
- **गाउँपालिकाको आवधिक योजना, सडक गुरुयोजनाले** तय गरेका निति तथा कार्यक्रमको आधारमा यातायातको सुविधासँगै कृषी, पर्यटन प्रवर्द्धन तथा आन्तरिक आयमा टेवा पुर्याउने खालका सडकको दिगो व्यवस्थापनमा जोड दिइनेछ।
- साविकका सडकहरुको वर्गिकरण गरि मर्मत संहार, स्तरोन्नती, पुर्ननिर्माणको काम संचालनमा लिइनेछ।गाउँपालिकामा रहेका पुराना बाटोहरुको मर्मत संहार गर्न पालिकाले आफ्नै मेशिनको व्यवस्था गर्नेछ।
- विकट बस्तीका समुदाय लाभान्वित हुने गरि झोलङ्गे पुलहरुको लगत संकलन गरि प्राविधिक संभाव्यता र प्राथमिकताको आधारमा मुख्य बाटोहरुमा पुल निर्माण तथा मर्मत संहार गर्ने निति लिइनेछ।

- सडक सञ्जाल विस्तार गर्न गाउँपालिकाको केन्द्रबाट सबै वडासम्मका सडकहरूको स्तर उन्नति को कामलाई निरन्तरता दिईनेछ ।
- गाऊँपालिकाको सिमा देखी अर्खा आरावारे सम्म सडक निर्माण तथा स्तर उन्नतिको लागि सडकको दुबै सिमाना तर्फबाट स्तर उन्नतिको कार्य लाई निरन्तरता दिइने छ। साथै संघ र प्रदेश सरकार संग आवश्यक समन्वयन र सहकार्य गरी सो सडक स्तरउन्नती गरिनेछ। गाउँपालिका भित्र पर्ने मुल सडक, मुल सडकबाट वडा कार्यालय, एउटा वडाबाट अर्को वडा, मुल सडकबाट मुख्य बस्ती तथा मुख्य बस्तीबाट सहायक बस्ती जोड्ने बाटो नजिक भवन संरचना निर्माण गर्दा सडकको बीच भागबाट छोड्नुपर्ने जग्गाको निर्धारित मापदण्ड लागु गरिनेछ ।
- सडकलाई असर पर्ने गरी सडकछेउ रहेका ढुङ्गा तथा अन्य सामग्रीहरु निकाल्न प्रतिबन्द लगाइने छ।
- सडक तथा भौतिक निर्माणका कामहरुमा आवश्यकताको आधारमा **श्रममुलक प्रविधिको प्रयोग** गरी गाउँमा रोजगारी उपलव्ध गराउने निति अवलम्वन गरिने छ।
- गाउँपालिकाबाट निर्माण गरिने सबै भवन संरचनालाई अपाङ्गमैत्री बनाइनेछ। स्थानीय निर्माण सामाग्री प्रयोग गरी स्थानीय मौलिक कला, परम्परा र संस्कृति झल्काउने घरलाई प्रोत्साहित गरिनेछ। पालिका अन्तर्गत रहेका सरकारी भवन संरचनाको मर्मत सम्भार र सुधारलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाको सिँचाई गुरुयोजना तयार गरी सिँचाई प्रर्वद्धन गरिनेछ। पुराना सिँचाई संरचनाको नियमित मर्मत सम्भार, दिगो व्यवस्थापन तथा उपयोग गरिनेछ। पानीको मुल, पूराना पोखरी र तालको संरक्षण गरिनेछ। साथै संघ र प्रदेश सरकार संग पनि थप सहकार्यमा जोड दिइनेछ।
- विपद् जोखिम न्यूनीकरणदेखि पूर्वतयारी, प्रतिकार्य, उद्धार, राहत तथा पुनःस्थापनासम्मका सबै चरणमा प्रभावकारी र समन्वित व्यवस्थापन प्रणाली विकास गरी जनधनको क्षति न्यूनीकरण गर्न समुदायलाई सचेत, सक्षम र सक्रिय सहभागी बनाइनेछ।
- गाउँपालिकामा नदी नियन्त्रण तथा व्यवस्थापनको लागि योजनाबद्ध गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ।
- गौमुखी क्षेत्रमा पर्यटकहरुको आकर्षणको लागि पर्यटकहरुलाई स्थानिय उपहार प्रदान गर्ने अभियानको प्रभावकारी कार्यान्वयन गरिने छ।

- बन व्यवस्थापनका उपायहरु अवलम्वन गरिने साथै संरक्षित क्षेत्रको घोषणा गर्न पहल गरिनेछ।
- अतिक्रमित बन क्षेत्र फिर्ता, डढेलो नियन्त्रण र चोरी निकासी नियन्त्रणको लागी समुदायसँग सहकार्य गरिनेछ। बनक्षेत्रबाट उठ्ने राजस्वमा सामुदायिक बन उपभोक्ता समूहसँग सहकार्य गरिनेछ।
- भू संरक्षण गर्न खाली जग्गाहरुमा वृक्षारोपण गरिनेछ। बनसँग सम्वन्धित व्यवसाय तथा संघसंस्थाहरुको निगरानी बढाइनेछ। जडीबुटी तथा सुगन्धित वनस्पतिको संरक्षण, अनुसन्धान तथा समुचित उपयोगलाई प्रोत्साहान गरिनेछ।
- दिगो विकासको मान्यता अनुरुप गाउँपालिकाबाट संचालन हुने विकास योजनालाई वातावरणमैत्री बनाइनेछ। प्लाष्टिकजन्य पदार्थको उपयोगलाई निरुत्साहित गरिनेछ।
- गौमुखी गाउँपालिका क्षेत्रभित्र रहेका स्थानीय जलस्रोतको समुचित उपयोग गर्दै पालिकावासीलाई भरपर्दो, सुलभ र स्वच्छ ऊर्जाको पहुँच पुऱ्याउन स्थानीय लघु जलविद्युत आयोजनाहरूको विकास र प्रवर्द्धनलाई विशेष प्राथमिकता दिइनेछ।
- गाउँपालिकास्तरमा भएको शैक्षिक गतिविधिहरुको आधारमा उत्कृष्ट शिक्षक तथा विद्यार्थीहरुलाई पुरस्कृत गरिने छ।
- गाउँपालिकास्तरमा एउटा **नमुना पुस्तकालय र ई-लाइब्रेरी संचालन** गरिनेछ।
- आयूर्वेद स्वास्थ्य सेवा कार्यक्रम संचालन गरिनेछ ।आयूर्वेद स्वास्थ्य आरोग्य केन्द्र मार्फत नियमित रुपमा वडाहरुमा आयूर्वेद शिविर तथा विभिन्न कार्यक्रमहरु संचालन गरिने छ। आधारभूत अस्पताल भवन निर्माण कार्य पूर्णता सँगै नागरिक आरोग्य केन्द्र, प्राथमिक आँखा उपचार केन्द्र लगायतका स्वास्थ्य सेवा हरुलाइ एकिकृत रुपमा सञ्चालन गरिनेछ ।
- समाजमा आर्थिक, सामाजिक, व्यक्तिगत रुपमा देखिएका समस्याका कारण उत्पन्न तनाव तथा डिप्रेशनलाइ न्यूनिकरण गरि सहज जीवनयापनको लागि मनोसामाजिक मनोविमर्शसेवा शिविर संचालनलाई निरन्तरता दिईनेछ।

**खानेपानी, सरसफाई तथा स्वच्छता सम्वन्धि नीति**

- **मुल देखी मुखसम्म** स्वच्छ तथा सुरक्षित पिउने पानीको उपलब्धतामा जोड गरिनेछ ।पुर्ण सरसफाई तथा आनिवानी परिवर्तनको लागि सचेतिकरण कार्यक्रमहरु संचालन गरिने छ।
- दिगो विकास लक्ष्य अन्तर्गत एक घर एक धारा को नितिलाइ अवलम्वन गर्दै वडाहरुमा खानेपानीका योजना संचालन गरिने छ।पूर्ण सरसफाइ अभियान संचालन गरि गाउँपालिकालाइ पूर्ण सरसफाइ गाउँपालिका घोषणा गर्ने तर्फ अग्रसर गराइनेछ।

- खानेपानीको मुल तथा कुवाहरु संरक्षणको लागि पानि सुरक्षा योजना कार्यक्रमहरु संचालन गरिने छ।
- गाउँपालिकालाई बालमैत्री, अपाङ्गमैत्री, बालश्रममुक्त, बालविवाहमुक्त, छुवाछुतमुक्त, पुर्ण साक्षर, पुर्ण सरसफाइयुक्त, घरेलुहिंसामुक्त, पोषण मैत्री गाउँपालिका घोषणा गर्ने कार्यक्रमहरु संचालन गरिनेछ।
- वर्षौदेखि निर्माणाधिन अवस्थामा रहेको नारीकोट लिफ्ट खानेपानी योजनाको निर्माण कार्य आगामि वर्षमा सम्पन्न गर्ने लक्ष्यका साथ कार्य गरिनेछ। नेपाल स्वास्थ्यका लागि पानी नेवा लगायतका संघ संस्थाहरु संगको साझेदारीमा क्रमश प्रत्यक्ष घरधुरीमा स्वच्छ खानेमानी पुर्याउने अभियानलाई निरन्तरता दिइनेछ।
- महिला, अपाङ्ग, दलित, जनजाती, जेष्ठ नागरिक र आर्थिक तथा सामाजिक रुपले पिछडिएका वर्ग समुदायको जीवनयापनमा सुधार ल्याउन सशक्तिकरण, सीप विकास, आयआर्जन तथा रोजगारमूलक कार्यक्रम संचालन गरिनेछ।
- आरन, सिलाई कटाई, डोको नाम्लो बुन्ने, वासका सामान, गुन्दी चकटी, कुटानी पिसानी गर्ने मिल जस्ता गाउँघरमा अत्याआवश्यक परम्परागत पेशालाई आधुनिकरण, व्यवसायीकरण गरी सम्मानजनक पेशा बनाउन प्रोत्साहान गरिनेछ।
- पालिकामा नयाँ उद्यमी सृजना तथा उद्यमीलाई स्तरोन्नतीको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- विपद् प्रतिकार्य योजनाअनुरुप विपद् व्यवस्थापनलाई प्रभावकारी बनाइने छ। प्रत्येक वडामा कम्तीमा ३० जनाको विपद् प्रतिकार्य स्वयम्सेबक टोली गठन गरी तालिम दिइनेछ।
- गाउँपालिकास्तरमा रहेका खालि वन तथा चरनहरुमा वृक्षारोपन गर्ने अभियान संचालन गरिने छ। खालि रहेका निजि जग्गाहरु तथा चरिचरनहरुमा वृक्षारोपन गर्नुपर्ने कुरामा जोड दिइने छ।
- गाउँपालिकाभित्रको अर्थतन्त्र, जनसंख्या, जग्गा जमिन तथा सम्पत्ति, लक्षित वर्ग जाती तथा समुदाय, प्राकृतिक स्रोत साधन लगायतको तथ्यांक संकलन तथा प्रशोधन गरी उपयोग गरिनेछ। तथ्थाङ्क संकलन र प्रशोधनमा सूचना प्रविधिको अधिकतम उपयोग गरिनेछ।
- विभिन्न जातजातिहरुको परम्परागत संस्कृति, पहिरन, लोपोन्मुख भाषा संरक्षण र पोशाकको संरक्षण गर्दै सफा पहिरन, हाम्रो पहिचान कार्यक्रम संचालन गरिनेछ। साथै लोक संस्कृति संरक्षण सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।

- आन्तरिक पर्यटन प्रबर्धनका लागि आन्तरिक उत्पादकको खपत तथा होम स्टेको व्यवस्था गर्न प्रोत्साहन गरिनेछ।**गौमुखी तथा झाक्रिढुङ्गा, गोद्रेचौर , नारिकोट देउराली, टोप्रे गुफा, तामाखानी लगायतका क्षेत्रहरुको विकासका लागि विकास समिति गठन** गरि क्षेत्रगत पर्यटकीय विकासको लागि पहल गरिने छ।
- गौमुखी क्षेत्रका गौमुखी, झाँक्रीढुगा, बाइसमूल झरना, रानीताल, नाङ्गीलेक, गोद्रेचौर पुजा तामाखानी, लिवाङ देवी मन्दिर, दहवासे, कैलाश दह, नारीकोट देउराली र खुङ गुफा लगायतका गन्तव्यहरुलाइ पर्यटकीय क्षेत्रको रूपमा विकास गरी गौमुखी रिङरोडको अवधारणाअनुसार सडक सञ्जालमा जोडिने छ ।
- लक्षित समुहहरुलाई योजना प्रकृयामा अर्थपूर्ण सहभागी गराइ क्षमता तथा आर्थिक विकास गर्दै सशक्तिकरणमा जोड दिइने छ। सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत एकल महिला, एकल पुरुषको सुरक्षा, संरक्षण र रोजगारीमुलक तालिमलाई विशेष जोड दिइने छ।
- वित्तीय संस्थाहरूको कार्यसम्पादनलाई पारदर्शी गर्न र बचतकर्ताको निक्षेपलाई सुनिश्चित गर्न आवश्यक कानुन सहित नियमनको व्यवस्था गरिने छ । विगतमा गरिवि निवारण कोष मार्फत विभिन्न सामुदायिक संस्थाहरुमा घुम्तिकोषका रुपमा संचालन भएका बजेटलाइ आवश्यक कार्यविधि बनाइ नियमन परिचालन र सदुपयोग गरिनेछ ।
- स्थानीय स्तरमा रहेका खनिज, जडिबुटी, जङ्गल लगायतका प्राकृतिक श्रोत साधनहरुको संरक्षण र उपयोगको नीति लिई गाउँपालिकालाई आर्थिक समृद्धिसँग जोडिने छ र समुदाय परिचालनका माध्यमबाट सामाजिक तथा आर्थिक परिबर्तनका लागि दिगो विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- लैङ्गिक समानता, सामाजिक समावेशिकरण, महिला सशक्तिकरणको माध्यमबाट महिलामाथी हुने घरेलु हिंसा तथा लैंगिक हिंसामा कमि गराई महिलाहरुको सीप विकास, अधिकारमा सचेतना वृद्धि र हरेक तहमा महिलाको नेतृत्व क्षमतामा वृद्धि गरिनेछ।
- बालबालिका सम्बन्धी योजना तर्जुमा, बजेट र कार्यक्रम कार्यान्वयनमा बाल सहभागितालाई प्राथमिकता दिइने छ।

**सुशासन संस्थागत व्यवस्थापन,सूचना प्रविधि तथा वित्तीय क्षेत्र सम्वन्धि नीति**

- सेवा प्रवाहरुलाई चुस्त दुरुस्त, पारदर्शी र विश्वसनिय बनाउदै सुशासन कायम राख्न नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण गर्ने तथा गुनासो सुन्ने र सूचना प्रवाहीकरणलाई प्रभावकारी गराइनेछ।
- पालिकाको एकीकृत आवधिक योजना तथा वियष क्षेत्रगत गुरु योजनाहरु निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ । मध्यमकालीन खर्च संरचनालाई आर्थिक अनुशासन र योजना अनुशासनको कडिका रुपमा उपयोग गरिनेछ । गाउँपालिकाबाट सञ्चालित योजनाहरुलाई प्रभावकारी रुपमा नतिजा सचूक र समयवद्ध रुपमा अनगुमन र मूल्याङ्कनको व्यवस्था गरिनेछ । वार्षिक खरिद योजना, गुरु योजना, योजना तथा कार्यक्रम कार्यान्वयन कार्यतालिका र सोको नतिजामुलक अनुगमनको काननूी व्यवस्था लगायतका कार्य भदौ मसान्तभित्र सम्पन्न गरी बहुवर्षीय बाहकेका आयोजनाहरु जेष्ठ १५ गते भित्रै सम्पन्न गरिने परिपाटीको विकास गरिनेछ ।
- कार्य सम्पादनलाई जनमैत्री र थप प्रभावकारी बनाउन कार्य सम्पादन करारका उपलब्धीहरुलाई दण्ड र पुरस्कारसँग आवद्ध गरिनेछ । क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विधुतीय नागरिक वडापत्र तथा नागरिकलाई सूचना दिन मोवाईल एप्लिकेशनहरुको प्रयोगमा ल्याईनेछ । नागरिक वडापत्र, सार्वजनिक सनुवुाई, सामाजिक परिक्षण तथा नागरिक सन्तुष्टि सर्भेक्षणबाट प्राप्त सुझावलाई सेवा प्रवाह सधुारको मार्ग दर्शनको रुपमा लिइनेछ । गनुासो सुन्ने अधिकारी र सचूना अधिकारी (पालिका, वडा, स्वास्थ्य संस्था, विद्यालय आदिमा) अनिवार्य व्यवस्था गरिनेछ। । सार्वजनिक संस्थाहरूमा डिजिटल नागरिक वडापत्र प्रणालीको अनिवार्य व्यवस्था गरिनेछ, जसले सेवा प्रवाहमा पारदर्शिता र सहजता सुनिश्चित गर्नेछ। सेवा प्रणालीलाई समन्वित, प्रभावकारी र नागरिकमैत्री बनाउने उद्देश्यका साथ एकद्वार सेवा केन्द्रको अवधारणालाई प्राथमिकता दिई कार्यान्वयन गरिनेछ। सार्वजनिक वित्तीय अनुशासन तथा जवाफदेहिताको सुदृढीकरणका लागि सार्वजनिक लेखा समिति, आवधिक लेखापरीक्षण लगायतका नियामक संयन्त्रहरूलाई संस्थागत रूपमा थप सक्षम र क्रियाशील बनाइनेछ। सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणका सन्दर्भमा शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ, र गैर कानुनी कार्यमा संलग्न व्यक्तिहरूलाई कानूनी दायरामा ल्याई आवश्यक अनुसन्धान तथा कारबाही सुनिश्चित गरिनेछ।“मुस्कान सहितको सेवाः जनतालाई टेवा” भन्ने मर्मलाई आत्मसाथ गर्दै सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राहि मैत्री वनाईनेछ ।

- गाउँपालिकामा नागरिक सहायता कक्ष स्थापना गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी एवं सेवाग्राहीमैत्री बनाइनेछ।
- करार सेवाका कर्मचारीहरुलाई सामाजिक सुरक्षाकोषमा आवद्ध गरिने निति लिईने छ ।
- वेरुजु न्यूनिकरण तथा वित्तिय सुशासनका लागि सार्वजनिक लेखा समिति , आन्तरिक लेखा प्रणाली जस्ता सम्यन्त्रहरुको क्रियासिलता बढाईने छ ।आगामी आर्थिक वर्ष बेरुजु फस्र्योट वर्षको रुपमा कार्य गरिनेछ।महालेखापरिक्षण प्रतिवेदनमा असुलउपर गर्न भनी उल्लेख गरेका बेरुजुलाई कडाई पुर्वक असुली गरिने छ। सैद्धान्तिक एवं लगती बेरुजुहरुलाई नियमानुसार फछ्यौट गरी लगत कट्टा गर्न प्रकृया अनुसार मलेपमा पठाउने कार्यलाई प्राथमिकता साथ गरिनेछ।
- सरकारी गैरसरकारी तथा निजि संघसँस्थासंग समन्वय र सहकार्य गरि आर्थिक विकासका कार्यक्रम सञ्चालन गरिने छ ।
- उपभोक्ता समितिको क्षमता विकास सम्बन्धी तालिम कार्यक्रम संचालन गरी उपभोक्ता मार्फत हुने निर्माण कार्यलाई गुणस्तरीय, व्यवस्थित र प्रभावकारी बनाइनेछ।
- उपभोक्ताहरुले संचालन गरेका योजनाको छनोट, कामको गुणस्तर, समितिको सक्रियता तथा श्रमदानको आधारमा **उत्कृष्ट उपभोक्ता समितिलाई पुरस्कृत** गरिने छ।
- न्यायीक समितिको क्षमता विकासको लागी विभिन्न कार्यक्रम संचालन गरिनेछ। प्रत्येक वडामा रहेका मेलमिलाप केन्द्रलाई व्यवस्थित गरि मेलमिलाप गर्न प्रेरित गर्दै न्यायीक समाधानको प्रकृया सहज गरिने छ।
- “नेतृत्वको अभ्यास बाल्यकालबाटै” भन्ने नाराका साथ आगामि आर्थिक बर्षमा बिधार्थीहरुको लागि नमुना संसद कार्यक्रम सञ्चालन गरिनेछ ।
- पालिकाभित्रका सबै बस्तीहरुमा गुणस्तरीय टेलिफोन सेवा उपलब्ध गराउन संघ, प्रदेश र नेपाल टेलिकमसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ।सबै बस्तीहरुमा इन्टरनेट सुविधा पुर्याउन आवश्यक पहल गरिनेछ।संचार माध्यमहरुको स्थापना गर्न आवश्यक पहल तथा प्रोत्साहन गरिनेछ।
- गाउँपालिकास्तरमा बसपार्क, डम्पिङ् साइड, कवर्डहल निर्माणको अध्ययन गरी पहल गरिनेछ।
- जनप्रतिनिधि, कर्मचारी, शिक्षक तथा सबै गौमुखीबासी जनतालाई क्षमता विकास, सीपमूलक तथा जनचेतना अभिवृद्धिका तालिम कार्यक्रमहरु संचालन गरिनेछ।

- गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समितिका पदाधिकारी, शिक्षक तथा सरकारी कोषको रकम उपयोग गर्ने सबैमा सदाचारिता, इमान्दारिता, मितव्ययीता, निश्पक्षता, कर्तव्यनिष्ठता र पारदर्शिता संस्कार र संस्कृतिको विकास गरिनेछ।
- कर्मचारीलाई कामप्रति उत्प्रेरित गर्न मौद्रिक तथा गैर मौद्रिक सुविधाहरु उपलब्ध गराइनेछ।सकारात्मक सोच विकासको लागी तालिम संचालन गरिनेछ।भ्रष्टचार र अनियमिततालाई कडाइका साथ निगरानी र दण्डित गरिनेछ।
- बेरोजगारहरुको तथ्याङ्क अध्यावधिक गर्ने तथा वढी भन्दा वढी रोजगार सृजना गर्ने खालका योजनाहरु संचालन गरिनेछ।
- गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी गाउँपालिकाको दरबन्दी संख्या एकिन गरिनेछ।
- अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरूको सामाजिक सुरक्षा भत्ता सहज रूपमा वडा स्तरमा उपलब्ध गराउन पहल गरिने छ ।
- पालिकाको विद्युतीकरणको संजाल घर घरमा पुर्याउनको लागि आवश्यक पहल गरिने छ।
- स्थानिय स्तरमा संचालनमा रहेका लघु जलविद्युत योजनालाई आवश्यक मर्मत संभार गर्ने र नयाँ बन्न सक्ने योजनाहरुको सम्भावनाको खोजी गरि योजना निर्माणको लागि आवश्यक कदम चालिने छ।गौमुखी गाउँपालिकालाई लघु तथा साना जलविद्युत आयोजनाहरुको हवको रुपमा विकास गर्न लगानीकर्ता तथा उर्जाक्षेत्रका सरोकारवालाहरु संग आवश्यक समन्वय र सहजीकरण गरिनेछ।
- गाउँपालिका अन्तर्गत अनुगमन मुल्याङ्कन शाखाको स्थापना गरी गाउँपालिकाबाट संचालन हुने विकास योजना, गाउँपालिका अन्तर्गतका कार्यालय, संघ संस्था, विद्यालयहरुको निरन्तर प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरी दण्ड र पुरस्कारको नीति अबलम्बन गरिनेछ।
- गाउँपालिकाबाट संचालन हुने सेवालाइ घर घरमा पुर्याउन विभिन्न घुम्ति शिविरहरु संचालन गरिने छ।
- यो नीति तथा कार्यक्रम ***समृद्ध गौमुखी, खुसी गौमुखीबासी*** जनताको दीर्घकालीन सोचमा आधारित छ।यस नीति तथा कार्यक्रम तर्जुमाको सिलसिलामा आफ्नो अमूल्य सुझाव तथा सहयोग प्रदान गर्नुहुने सबै राजनैतिक दल, जनप्रतिनिधि, समाजसेवी, बुद्धिजिवी, पत्रकार, संघ संस्थाका प्रतिनिधि, शिक्षक, कर्मचारी लगायत सम्पुर्ण गौमुखीबासी नागरिकहरु प्रति हार्दिक आभार प्रकट गर्दछु।यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि स्थानीय

सरकारको नेतृत्वमा सबै सरोकारवालाहरुको सक्रिय सहयोग तथा सहभागिता रहने विश्वास सहित यो सम्बोधन यहिँ अन्त्य गर्दछु।

धन्यवाद ।

**जय गौमुखी ।**

# नीति तथा कार्यक्रम

# २०८३/०८४